मेचीनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड: २०८१ संख्या: 6 स्वीकृत मिति:

श्रीमान नगर प्रमुखज्यू,

बि.स. २०८१ सालको मेचीनगर नगरपालिकाको विधयेक संख्या ..... मेचीनगर नगरपालिकाको बस्ती विकास तथा जग्गा एकीकरण ऐन, २०८१ मिति २०८१/११/१९ गते बसेको नगर सभा बैठकले पारित गरे बमोजिम ठीक छ, प्रमाणीकरणका लागि नगर प्रमुखज्यु समक्ष पेश गर्दछु।

अग्नि प्रसाद अधिकारी
सचिव, नगर सभा
मेचीनगर नगरपालिका

भाग १

मेचीनगर नगरपालिका

प्रमाणीकरण मिति: २०८१/११/१९

प्रमाणीकरण गर्ने : नगर प्रमुख श्री गोपालचन्द्र बुढाथोकी

हस्ताक्षर :

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

मेचीनगर नगरपालिका

बस्ती विकास तथा जग्गा एकीकरण ऐन, २०८१

सम्बत् २०८१ सालको ऐन नं. १

बस्ती विकास तथा जग्गा एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः नेपालको संविधानको अनुसुची ८ "स्थानीय तहको अधिकार सूची" को क्र. सं. ७ "स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु" र क्र.स. ११ "स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, सिचाई" को व्यवस्थापन गरी व्यवस्थित शहरीकरण प्रक्रिया अघि बढाउन,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ "गाउँपालिका तथा नगरपालिकाको अधिकार" को उपदफा (२) को खण्ड (ङ्) "स्थानीयस्तरका विकास आयोजना र परियोजना" को क्र. सं. ९ "सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मुल्यांकन" तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को खण्ड (क) "भूमि व्यवस्थापन" मा उल्लिखित प्रावधानहरु कार्यान्वयन गर्न,

मेचीनगर नगरपालिका क्षेत्रलाई पर्याप्त पूर्वाधार सहितको सुव्यस्थित आवासीय क्षेत्रको रुपमा विकास गरी नगरवासीलाई दीर्घकालीन सुविधा र बसोबासको भौतिक सहजता प्रदान गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मेचीनगर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "मेचीनगर नगरपालिकाको बस्ती विकास तथा जग्गा एकीकरण ऐन, २०८१" रहेको छ।

(२) यो ऐन मेचीनगर नगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगरपालिका" भन्नाले मेचीनगर नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "प्रमुख" भन्नाले मेचीनगर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ग) "उपप्रमुख" भन्नाले मेचीनगर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले मेचीनगर नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "नगर सभा" भन्नाले मेचीनगर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(छ) "कार्यपालिका सदस्य" भन्नाले मेचीनगर नगरपालिकाको नगरप्रमुख, उपप्रमुख र वडा अध्यक्ष सहितको मेचीनगर नगर कार्यपालिका सम्झनु पर्दछ।

(ज) "नगर सभा सदस्य" भन्नाले मेचीनगर नगरपालिकाको नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य सहितको मेचीनगर नगरसभा सदस्य सम्झनु पर्दछ।

(झ) "ऐन" भन्नाले भन्नाले मेचीनगर नगरपालिकाको बस्ती विकास तथा जग्गा एकीकरण ऐन २०८१ लाई सम्झनु पर्दछ।

(ञ) "जग्गा" भन्नाले कसैको निजी, सरकारी, सार्वजनिक एवं गुठी समेत सबै किसिमको जग्गा र त्यसमा स्थायी वा अस्थायी किसिमले जोडिएर रहेको घर, टहरा, कारखाना, पर्खाल, बगैंचा, बोटबिरुवा, ताल, पोखरी, रुख आदि समेतलाई सम्झनु पर्दछ।

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

(ट) "जग्गावाला" भन्नाले बस्ती विकासको आयोजना क्षेत्रभित्र जग्गा भएका जग्गाधनी, मोही वा दुबैलाई जनाउनेछ।

(ठ) "बस्ती विकास योजना" भन्नाले नगरपालिकाले निश्चित क्षेत्र तोकी यस ऐन बमोजिम बहुआयामिक र व्यवस्थित पूर्वाधारसहित बस्ती विकास गर्न सञ्चालनमा ल्याएको बस्ती विकाससँग सम्बन्धित कुनै योजना, आयोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ।

(ड) "पूर्वाधार" भन्नाले आयोजना क्षेत्रमा नव निर्माण, मर्मत–संभार वा अन्य किसिमबाट व्यवस्थापन गरिने बाटोघाटो, खानेपानी, ढलनिकास, विद्युत संचार, हेल्थपोष्ट, अस्पताल, विद्यालय भवन, खेल मैदान, पार्किङस्थल, उद्यान, पोखरी, मनोरञ्जन स्थल, सुरक्षा व्यवस्था, कभर्ड हल, सार्वजनिक भवनजस्ता भौतिक सेवा सुविधासँग सम्बन्धित विषयहरुलाई सम्झनु पर्दछ।

(ढ) "समिति" भन्नाले यस ऐनको दफा ४ बमोजिम गठन भएको मेचीनगर नगरपालिकाको बस्ती विकास समितिलाई सम्झनु पर्दछ।

(ण) "उपभोक्ता समिति" भन्नाले यस ऐनको दफा ९ बमोजिम गठित वस्ती विकाससँग सम्बन्धित स्थानीय उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

परिच्छेद–२

योजना तर्जुमा र स्वीकृति

३. बस्ती विकास तथा जग्गा एकीकरण योजनाको तर्जुमा र स्वीकृति:

(१) नेपाल सरकारद्वारा जग्गा एकीकरण आयोजन सञ्चालन भएको स्थानमा बाहेक नगरपालिका क्षेत्रभित्रका अन्य संभावित स्थानमा नगरपालिकाले यस ऐन बमोजिम देहायका विधिहरुमध्ये कुनै एक विधिको अनुशरण गरी नयाँ बस्ती विकास गर्ने आयोजना वा पुरानो बस्ती सुधारका लागि पुनर्निर्माणको कार्यक्रम तर्जुमा गरी वा गराई कार्यान्वयन गर्न सक्नेछ।

(क) निर्देशित आवासीय बस्ती विकास कार्यक्रम।

(ख) बस्ती विकास तथा जग्गा एकीकरण आयोजना।

(ग) एकीकृत विशेष आवासीय भवन तथा बस्ती विकास कार्यक्रम।

(घ) विशेष प्रकारको नमूना बस्ती विकास कार्यक्रम

(२) ऐनको दफा (४) बमोजिम गठित समितिले बनाएको योजना नगर कार्यपालिकाले स्वीकृत गरेको हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत योजना सर्वसाधारणको जानकारीका लागि नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि योजना लागू भएको मानिनेछ।

(४) बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा नगरपालिकाले चाहेमा नेपाल सरकार, निजी क्षेत्र, दातृसंस्था वा अन्य निकायबाट आवश्यक आर्थिक, प्राविधिक वा अन्य सहयोग लिन सक्नेछ।

परिच्छेद–३

संगठनात्मक स्वरुप

४. बस्ती विकास समितिको गठन:

(१) ऐनको दफा ३ को उपदफा (२) अनुसार स्वीकृतिका लागि पेश गर्न र स्वीकृत योजनाको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नका लागि नगरपालिकाले देहाय

गोपालचन्द्र कुलाधोकी
प्रमुख

अनुसारको एक नगरस्तरीय बस्ती विकास समिति गठन गर्नेछ।

(क) अध्यक्ष - प्रमुख

(ख) उपाध्यक्ष - उपप्रमुख

(ग) सदस्य - सम्बन्धित आयोजना रहेको क्षेत्रको वडा अध्यक्ष

(घ) सदस्य - एक महिला सहित कार्यपालिकाबाट मनोनित कार्यपालिका सदस्य २ जना

(ङ) सदस्य - नगरपालिका प्रशासन तथा योजना शाखा प्रमुख

(च) सदस्य - नगरपालिकाको शहरी विकास शाखा प्रमुख

(छ) सदस्य - ऐनको दफा १० अनुसार नगरपालिकाले तोकेको सम्बन्धित आयोजनाको प्रमुख

(ज) सदस्य - जग्गावाला उपभोक्ताहरुमध्येबाट छनौट गरी पठाएका प्रतिनिधि ३ जना

(झ) सदस्य - स्थानीय विकासमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट कार्यपालिकाले मनोनीत गरेको १ जना

(ञ) सदस्य - जिल्ला प्रशासन कार्यालयको प्रमुखले तोकेको अधिकृत प्रतिनिधि

(ट) सदस्य - जिल्लास्थित भूमि तथा नापी कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि

(ठ) सदस्य सचिव - नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत

(२) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञ वा अनुभवी व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धी वा अन्य आवश्यक कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

(४) समितिको सचिवालय अध्यक्षले तोकेको स्थानमा रहनेछ।

(५) समितिका पदाधिकारी र सदस्यहरुको सेवा सुबिधा तोकिए बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार:**

ऐनको दफा ४ ले गठन गरेको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगर कार्यपालिकाले तोकि दिएको विधि र उद्देश्य अनुसार जग्गा एकीकरण र बस्ती विकासका लागि व्यवस्थित, विशिष्टीकृत वा सघन कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) सम्बन्धित आयोजना क्षेत्रका घर एवं जग्गाको श्रेस्ता नक्सा सम्बन्धी आवश्यक सूचना तथा प्रमाणहरु संकलन गर्ने,

(ग) आयोजना क्षेत्रका उपभोक्ताहरुको सल्लाह र सुझाव अनुसार नगरपालिकाको बस्ती विकास सम्बन्धी योजना, पूर्वाधार विकासको नीति तथा मापदण्ड अनुसार आयोजना क्षेत्रमा रहने बाटोको स्वरुप, खुल्ला रहने क्षेत्र एवं उपलब्ध गराइने अन्य सेवा–सुविधाका लागि भूउपयोगको पूर्ण खाकाको सहितको वर्गीकरण गर्ने र प्राविधिकबाट सोही अनुरुपको बस्ती विकासको प्रारुप (नक्सा) तयार गरी ऐनको दफा ३ को उपदफा (२) बमोजिम स्वीकृत भएपछि स्थलगत रुपमै आयोजनाको कार्यान्वयन गर्ने वा गराउने,

(घ) आयोजना संचालन गर्दा हुने खर्चको लागत इष्टिमेटका आधारमा स्थानीय उपभोक्ताहरुले व्यहोर्नु पर्ने जग्गाको हिस्सा तथा आर्थिक योगदान सम्बन्धी नीतिगत मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने,

(ङ) आयोजना सञ्चालनका लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने,

(च) आयोजना सम्बन्धी बार्षिक कार्यक्रम तथा बजेट बनाउने,

(छ) आयोजना सञ्चालनका लागि अन्य सरकारी, गैरसरकारी संस्था वा निजी क्षेत्रबाट आवश्यक भौतिक एवं

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

आर्थिक अनुदान वा सहयोग जुटाउने वा ऋणको व्यवस्था मिलाउने कार्य गर्ने,

(ज) आयोजना क्षेत्रमा भएका पुरातात्विक, धार्मिक, ऐतिहासिक वा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने,

(झ) वातावरणमा प्रतिकूल असर नहुने गरी भौतिक निर्माणका क्रियाकलापलाई अगाडि बढाउने,

(ञ) प्राकृतिक वनजंगल, पोखरी, इनार, पुरात्वतिक स्थल तथा क्षेत्र, जलाशय आदिको उचित संरक्षण गर्ने।

(ट) आयोजना कार्यान्वयनका सन्दर्भमा यस दफाको खण्ड (ज) मा उल्लिखित वस्तुलाई स्थानान्तरण नै गर्नु पर्ने बाध्यात्मक परिस्थिति आएमा सोही स्थानको आसपासमा रहेको सार्वजनिक, पर्ती, ऐलानी जग्गा वा सोही आयोजना क्षेत्रको अन्य कुनै उपयुक्त स्थानमा सुरक्षित हुने गरी व्यवस्थापन गर्ने,

(ठ) व्यवस्थित रुपले आयोजना सञ्चालन गर्न आवश्यक पर्ने अन्य काम कारवाहीहरु गर्ने।

६. **समिति एक संगठित संस्था हुने :**

(१) समिति नगरपालिका अन्तर्गतको एक संगठित संस्थाको रुपमा रहनेछ।

(२) समितिले "भेचीनगर नगरपालिका : बस्ती विकास तथा जग्गा एकीकरण समिति" नामको छुट्टै छापको प्रयोग गर्नेछ।

(३) समितिले व्यक्तिसरह चल अचल सम्पति प्राप्त गर्ने, उपभोग गर्ने, बेचबिखन गर्ने वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) ऐनको दफा (२६) ले व्यवस्था गरे अनुरुप समितिको एउटा छुट्टै कोष हुनेछ र नेपाल सरकारको प्रचलित कानून अनुसार त्यसको लेखा राखिनेछ।

(५) कोष सञ्चालनको विधि र कोष संचालन गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(६) समितिले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र समितिमाथि पनि नालिस उजुर लाग्न सक्नेछ।

७. **समितिको बैठक र निर्णय:**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य - सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरुलाई दिइसक्नु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय अध्यक्ष र सदस्य–सचिवले संयुक्त रुपमा प्रमाणित गर्नेछन।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **उपसमिति, कार्यदल वा समूह गठन गर्न सक्ने :** समितिले आफ्नो काम कारवाहीलाई सजिलो र व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यकता अनुरुप विभिन्न उपसमिति, कार्यदल वा कार्यसमूहहरु गठन गर्न सक्नेछ।

९. **उपभोक्ता समितिको गठन र काम तथा कर्तव्य:**

(१) यस ऐनको दफा ४ अनुरुप गठित समितिले ऐनको दफा ५ मा तोकिए बमोजिम बस्ती विकास योजना

गोपालप्रसाद बुढाथोकी
नगर प्रमुख

सञ्चालन गर्दा सम्बन्धित ठाउँका उपभोक्ताका रुपमा रहने जग्गावालाहरुको भेला गरी देहाय अनुरुपको उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(क) संयोजक: भेलामा उपस्थित जग्गावाला उपभोक्ताहरु मध्येबाट छनौट भएको १ जना

(ख) सदस्य: आयोजनाले चर्चिने जग्गाको क्षेत्रफलका आधारमा तोकिएको आयोजना क्षेत्रभित्र जग्गा परेका जग्गावालहरु मध्येबाट भेलामा उपस्थित भएका जग्गावालाहरु आफैंले छनौट गरेका तेत्तिस प्रतिशत महिला सहित ९ जना प्रतिनिधिहरु

(ग) सदस्य : सम्बन्धित ठाउँको वडा अध्यक्षले तोकेको वडा सदस्य १ जना

(घ) सदस्य : नगरपालिकाको नगरसभामा प्रतिनिधित्व भएका राजनीतिक दलका नगरस्तरीय प्रतिनिधिहरु

(ङ) सदस्य सचिव: आयोजना प्रमुख

२. आयोजनाको काममा आवश्यक सहयोग गर्नु, सल्लाह र सुझाव दिनु तथा आवश्यक सिफारिस दिई सहयोग पुऱ्याउनु उपभोक्ता समितिको काम तथा कर्तव्य हुनेछ ।

१०. **आयोजना प्रमुखको नियुक्ति :**

(१) समितिबाट सञ्चालन हुने बस्ती विकास तथा जग्गा एकीकरण सम्बन्धी प्रत्येक योजना कार्यान्वयनका लागि नगरप्रमुखको सिफारिसमा नगर कार्यपालिकाबाट एक जनालाई आयोजना प्रमुखको रुपमा नियुक्त गरिनेछ ।

(२) आयोजना प्रमुखको रुपमा नियुक्ति पाउने कर्मचारीको योग्यता देहाय अनुरुपको हुनु पर्नेछ :

(क) सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्वाधार सहितको शहरी विकास क्षेत्रको काममा कम्तीमा पाँच वर्षको अनुभव भएको ।

११. **आयोजना प्रमुखको काम, कर्तव्य र अधिकार:** आयोजना प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समितिको निर्णय कार्यान्वयन गर्ने,

(ख) कर्मचारीलाई कामको जिम्मेवारी तोक्ने,

(ग) आयोजनाको दैनिक प्रशासनिक कामको नेतृत्व गर्ने,

(घ) सम्बन्धित उपभोक्ता समितिको सदस्य - सचिवको रुपमा रही काम गर्ने,

(ङ) समितिले तोकेका अन्य कामहरु गर्ने ।

१२. **अधिकार प्रत्यायोजन :** आयोजना प्रमुखले आफूमा भएको अधिकार आवश्यकता अनुसार आफू मुनिका कर्मचारीमा प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद - ४

कार्यक्रम सम्बन्धी व्यवस्था

१३. **निर्देशित बस्ती विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरक्षेत्रको कुनै बस्ती योग्य स्थानको चारकिल्ला खोली न्यूनतम एकाउन्न प्रतिशत स्थानीय जग्गावालाले बस्ती विकास गराइ पाऊँ भनी समिति समक्ष निवेदन दिएमा र त्यस्तो ठाउँमा घडेरी विकास गरिसके पछि कम्तीमा पच्चीस परिवारको बसोबास हुन सक्ने स्थिति देखिएमा ऐनको दफा (३) को उपदफा (२) अनुरुप

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

नगरपालिकाबाट स्वीकृति लिई समितिले त्यस्तो भू-भागमा बस्ती विकास कार्यक्रम लागू गर्न सक्नेछ ।

(२) निर्देशित बस्ती विकास कार्यक्रम लागू गर्दा कुनै जग्गावालाको केही जग्गा प्राप्त गर्नु पर्ने भएमा त्यसरी प्राप्त गर्नु पर्ने जग्गाको जग्गावाला सो ठाउँबाट विस्थापित हुनु नपर्ने गरी प्राप्त गर्नु पर्नेछ। तर बस्ती विकासकै क्रममा कदाचित् कसैको जग्गा विलोप हुने बाध्यात्मक परिस्थिति आएमा निजलाई दिइने क्षतिपूर्ति रकम त्यस्तो कार्यक्रमबाट लाभान्वित हुने अन्य उपभोक्ता जग्गावालाहरुले समानुपातिक रुपले व्यहोर्नु पर्ने गरी जग्गाको प्रचलित मूल्य भुक्तान गरेर मात्र प्राप्त गर्नु पर्नेछ ।

(३) निर्देशित बस्ती विकास कार्यक्रमको सम्पूर्ण खर्च सम्बन्धित ठाउँका सबै जग्गावाला उपभोक्ताहरुले निजहरुको कायम रहेको जग्गाको क्षेत्रफल अनुसार समानुपातिक रुपमा व्यहोर्नु पर्नेछ ।

(४) निर्देशित बस्ती विकास कार्यक्रम संञ्चालनमा स्थानीय जग्गावालाहरुको सक्रिय सहभागिता जुटाउन समितिले ऐनको दफा ९ बमोजिम उपभोक्ता समिति गठन गर्नेछ र बस्ती विकास कार्यक्रमलाई सोही दफाको उपदफा (२) बमोजिमको सहयोग पुऱ्याउनु स्थानीय उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

१४. बस्ती विकास तथा जग्गा एकीकरण आयोजना सञ्चालन सम्बन्धी व्यवस्था:

(१) नगरपालिका क्षेत्रभित्रको कुनै भागमा नगरपालिकाले जग्गा एकीकरण गरी आवासीय बस्ती विकास कार्यक्रम सञ्चालन गर्न चाहेमा वा जग्गा विकास कार्यक्रम सञ्चालन नभएको स्थानको चार किल्ला खोली बस्ती विकास तथा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गराइ पाऊँ भनी सो ठाउँका कम्तीमा एक्काउन्न प्रतिशत जग्गावालाले निवेदन दिएमा वा सहमति प्रदान गरेमा र कम्तीमा पचास परिवारका लागि बसोबास हुने उपयुक्त ठाउँ देखिएमा नगरपालिकाले त्यस्तो स्थानमा यो ऐन बमोजिम योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा एकीकरण आयोजना संचालन गर्दा योजना अनुरुपको सेवा सुविधा लगायत पूर्वाधार विकासको व्यवस्था गर्न लाग्ने खर्च सम्बन्धित जग्गावालाहरुबाटै विकास योगदान वापत कट्टा गरिएको विकसित घडेरीहरु बिक्री गरी रकम संकलन गर्ने र बाँकी विकसित घडेरीहरु सम्बन्धित जग्गावालाहरुलाई नै समानुपातिक आधारमा फिर्ता पाउने व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) बमोजिम आयोजना सञ्चालन गरिने भएमा जग्गावालाहरुको सहभागिता जुटाउन ऐनको दफा (९) बमोजिमको उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिनेछ ।

(४) आयोजना सञ्चालन गर्दा सार्वजनिक सूचना प्रकाशन गरी आयोजनाभित्र पर्ने जग्गाको खण्डीकरण गर्न वा भौतिक स्वरुपमा परिवर्तन गर्न नपाउने गरी दुई वर्षका लागि पूर्ण वा आंशिक रोक लगाउन सकिनेछ ।

(५) आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिसँग सल्लाह गरी आयोजना क्षेत्रभित्र निर्माण गरिने पूर्वाधार विकास लगायतका विषय र उपलब्ध गराइने अन्य विशेष सेवा सुविधा भए सो सहितको पूर्वाधार विकासको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) अनुसार सार्वजनिक उपभोगका लागि जग्गा छुट्याइ सके पछि बाँकी रहने घडेरीको क्षेत्रफल र अन्य सुविधा समेतको आधारमा जग्गावालाले के कति घडेरी फिर्ता पाउने हो भन्ने विषयमा स्पष्टनीति तथा मापदण्ड तयार गर्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम आयोजनाको विस्तृत ढाँचा तयार गरिसकेपछि आयोजनाभित्र पर्ने सम्पूर्ण कित्ताको जग्गालाई नगरपालिकाले चकलाबन्दी गरी एउटै कित्तामा परिणत गर्नेछ ।

(८) उपदफा (७) लागू भएको अवस्थामा सम्बन्धित वडा कार्यालयबाट जग्गाको खण्डीकरण हुने गरी कुनै

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

सिफारिस दिइने छैन।

(९) उपदफा (७) बमोजिम भएको व्यहोरा लेखी आएपछि भूमि प्रशासनसँग सम्बन्धित कुनै कार्यालयले पनि आयोजना क्षेत्रको कुनै अचल सम्पत्तिको खण्डीकरण हुने गरी रजिष्ट्रेशन वा अन्य कार्य गर्नु हुँदैन।

(१०) जग्गा एकीकरण सम्बन्धी कार्यलाई अन्तिम रुप दिइसकेपछि समितिले दुई वर्षको म्यादभित्र साविकका जग्गावालालाई अस्थायी निस्सा सहित विकसित घडेरीहरु फिर्ता गर्नेछ।

(११) उपदफा (१०) बमोजिम सम्बन्धित जग्गावालालाई अस्थायी निस्सासहित विकसित घडेरी फिर्ता गरिसकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता श्रेस्ता खडा गर्न र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी वितरण गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(१२) उपदफा (११) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले पनि सोही अस्थायी निस्सा अनुरुप स्थायी रुपले नापी नक्सा मिलान गरी सम्बन्धित साविक जग्गावालाको नयाँ जग्गाधनी श्रेस्ता खडा गर्ने र नयाँ जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी सम्बन्धित जग्गावालालाई वितरण गर्ने कार्य गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम नक्सा मिलान भई नयाँ कित्ता अनुसारको जग्गाधनी दर्ता श्रेस्ता र नयाँ जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य सुरु गरेपछि आयोजना क्षेत्रभित्रको साविकको नक्सा र सो आयोजना क्षेत्रभित्र रहेका जग्गावालाको साविकको सबै लगत र श्रेस्ता स्वतः बदर हुनेछ।

१५. **विकसित घडेरी जग्गा आफैंले लिन सक्ने:**

(१) प्रचलित कानून बमोजिम आवास प्रयोजनको लागि तोकिए अनुसारको आवश्यक न्यूनतम इकाइको क्षेत्रफलभन्दा कम जग्गा हुने वा अन्य कुनै जग्गावालाले जग्गा विकास वापत निर्धारण गरिएको खर्च भुक्तान गरी घडेरी उकास्न नसक्ने अवस्था आएमा त्यस्तो जग्गावालाको जग्गा समिति आफैंले सकार गरी जग्गावालालाई सो विकसित घडेरी जग्गा वापत प्रचलित मूल्य बराबरको रकम क्षतिपूर्ति दिनेछ।

(२) जग्गा विकासको कार्यमा नगरपालिकाले रकम लगानी गरेर लगानी गरेको अनुपातमा जग्गा लिन सक्नेछ।

१६. **जग्गा एकीकरण आयोजनाको जिम्मेवारी नगरपालिकामा सर्ने:**

(१) नगर विकास ऐन २०४५ बमोजिम नगरपालिका क्षेत्रभित्र चालु रहेका जग्गा एकीकरण सम्बन्धी अन्य आयोजनाहरु यो ऐन राजपत्रमा प्रकाशित भएको नब्बे (९०) दिनभित्र सम्बन्धित निकायले नगरपालिकालाई हस्तान्तरण गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजपत्रमा सूचना प्रकाशित भएको औपचारिक जानकारी नगरपालिकाले सम्बन्धित निकायलाई दिनेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी दिएको नब्बे (९०) दिनपछि त्यस्ता आयोजनाहरु स्वतः नगरपालिकाको कार्य जिम्मेवारीभित्र पर्नेछन्।

(४) उपदफा (१) बमोजिम हक हस्तान्तरण भई आएका वा उपदफा (३) बमोजिम स्वतः नगरपालिकाको कार्य जिम्मेवारी भित्र पर्न आएका आयोजनाको बाँकी काम यसै ऐनको प्रावधान अनुरुप हुनेछ।

१७. **ऋण लिन सक्ने:** आयोजना सञ्चालन गर्न नगरपालिकाले आफ्नै जमानतमा वा जग्गा धितोमा राखी ऋण लिन सक्नेछ।

१८. **एकीकृत विशेष आवासीय भवन तथा बस्ती विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) स-साना टुक्रा जग्गा तथा घरहरु सम्बन्धित जग्गा तथा घरधनीहरुकै सहमतिमा प्रचलित कानून बमोजिम समितिले प्राप्त गर्न र सो जग्गालाई एकीकरण गरेर विशेष एकीकृत आवासीय भवन निर्माण गरी सोही

जयलक्ष्मी पुरोधोकी
नगर प्रमुख

समुदायमा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत विशेष आवासमा रहँदा परिवर्तित हक हिस्सा कायम हुनेछ ।

(३) तोकेको न्यूनतम् लागत साझेदारी गर्न इच्छुक कम्तीमा पाँच परिवार लाभान्वित हुने गरी समितिले एकीकृत सामुदायिक आवासीय भवन निर्माण गरिदिन सक्नेछ ।

(४) सामुदायिक आवासीय भवनमा साविकका धनीहरुको हक हिस्सा छुट्याई बढी भएको वा साविकका धनीहरु कसैले पनि लिन नचाहेको हिस्सा उचित क्षतिपूर्ति दिई समिति स्वयंले स्वामित्व कायम गरी लिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम समितिको स्वामित्वमा आएको सामुदायिक एकीकृत आवासीय भवनको हक हिस्सा तोकिएको मूल्यमा समितिले पछि अरु सँधियार वा सो नभए अन्य व्यक्तिलाई पनि बिक्री गर्न सक्नेछ।

१९. **विशेष प्रकारको नमूना बस्ती विकासको कार्यक्रम संचालन गर्न सक्ने :**

(१) समितिले जग्गावालाहरुको सहमतिमा वा प्रचलित कानून बमोजिम व्यक्ति विशेषको समेत जग्गा प्राप्त गरी नगरपालिका क्षेत्रको कुनै भूभागमा विशेष प्रकारको नमूना बस्ती विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष नमूना बस्ती विकास सम्बन्धी नीति, मापदण्ड र कार्यक्रम तोकिए बमोजिम हुनेछ ।

२०. **निजी तथा सामुदायिक संस्थाले बस्ती विकास गर्न सक्ने:**

(१) नगरपालिका क्षेत्रभित्र कुनै बस्ती योग्य भू-भागमा तोकेको मापदण्ड पूरा गर्ने गरी निजी संस्था वा सामुदायिक संस्थालाई बस्ती विकासको कार्य गर्न वा गराउन स्वीकृति दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति नलिई वा तोकिएको मापदण्ड नपुऱ्याई बस्ती विकासको कार्य गरेको पाइएमा नगरपालिकाले सम्पूर्ण सिफारिस प्रक्रियामा रोक लगाउन सक्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले नै सुरुभई हाल कार्यान्वयनको चरण समाप्त भै नसकेका नगरपालिका क्षेत्रभित्र बस्ती विकासको कार्य गर्दै आएका निजी तथा सामुदायिक संस्थाहरु तोकिएबमोजिमको प्रक्रिया पूरा गरी नगरप्रणालीमा आबद्ध हुनु पर्नेछ ।

२१. **समन्वय गर्नु पर्ने:** आयोजना सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार तथा अन्य सम्बन्धित निकाय एवं संस्थासँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

२२. **बस्ती विकास सम्बन्धी अन्य कानून पालना गर्नु पर्ने :** आयोजना सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकारका सम्बन्धित अन्य कानून, नीति, निर्देशन तथा मापदण्डको पालना गर्नु पर्नेछ ।

२३. **भौतिक संरचना हटाउन सकिने :** आयोजना सञ्चालन भएको क्षेत्रमा कार्यक्रमको उद्देश्य अनुसार काम गर्न कुनै संरचनाले बाधा पारेको वा पार्ने भएमा उचित क्षतिपूर्ति दिई त्यस्तो भौतिक संरचनालाई हटाउन वा भत्काउन सकिनेछ ।

२४. **समितिले नीति, नियम तथा निर्देशिका बनाउन सक्ने :**

(१) समितिले योजना कार्यान्वयन गर्न आवश्यक पर्ने नीति, नियम, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको नीति, नियम, निर्देशिका वा मापदण्ड नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

२५. **बैठक भत्ता :** समिति, उपसमिति, कार्यदल वा उपभोक्ता समितिको बैठक भत्ता समितिले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद – ५

कोष तथा लेखासम्बन्धी व्यवस्था

२६. **समितिको कोष:**

(१) ऐनको दफा (६) को सर्वमान्यतामा कुनै प्रतिकूलता नपारी समितिको एउटा छुट्टै कोष रहने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :

(क) नगरपालिकाबाट प्राप्त हुने आर्थिक अनुदान वा सहयोग रकम,

(ख) सरकारी वा गैरसरकारी, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्ति विशेषबाट प्राप्त हुने आर्थिक अनुदान तथा सहयोगको रकम,

(ग) समितिले योजना सञ्चालन खर्चको योगदान वापत प्राप्त गरेको नगद वा जग्गा एवं समितिको स्वामित्वमा आएको घर तथा जग्गा बिक्री गरी प्राप्त भएको रकम,

(घ) अन्य श्रोतबाट प्राप्त भएको रकम।

(३) कुनै विदेशी सरकारी वा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नुअघि नगरपालिका मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको कोषमा प्राप्त हुने रकम नगरपालिकाले तोकेको "क" वर्गको वाणिज्य बैंकमा समितिकै नाममा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) समिति र दफा (८) बमोजिम गठित उपसमितिका सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

२७. **सम्बन्धित कार्य मै खर्च गर्नु पर्ने :** सरकारी, गैरसरकारी एवं व्यक्ति विशेषबाट प्राप्त सहयोग रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा काममै खर्च गर्नु पर्नेछ।

२८. **लेखा तथा लेखापरीक्षण:**

(१) समितिको आय–व्ययको लेखा प्रचलित कानून बमोजिमको लेखा प्रणाली अनुरुप राखिनेछ।

(२) समितिको आय व्ययको आन्तरिक लेखापरीक्षण (आलेप) नगरपालिकाले गर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको मान्यताप्राप्त लेखा परीक्षकबाट हुनेछ।

(४) नगरपालिकाले चाहेमा जुनसुकै बखत पनि सम्बन्धित योजनाको चल अचल सम्पति तथा आय व्ययको हिसाब–किताब जाँच्न वा जँचाउन सक्नेछ।

(५) आर्थिक प्रशासन सम्बन्धी सबै कार्यहरु प्रचलित कानून बमोजिम सरकारी सार्वजनिक निकायले गरे सरहको पद्धतिमा गर्नु पर्नेछ।

परिच्छेद - ६

विविध

२९. **प्रतिवेदन पेश गर्ने:** समितिले वर्षभरि गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

३०. **कर्मचारी सम्बन्धी व्यवस्था :** आयोजना सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था नगरपालिकाले गर्नेछ।

३१. **निर्देशन पालना गर्नु पर्ने:** संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको बस्ती विकाससँग सम्बन्धित निर्देशनको

गोपालदत्त बुढाथोकी
नगर प्रमुख

पालना गर्नु र गराउनु समितिको कर्तव्य हुनेछ ।

३२. **दण्ड सजाय :** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधि वा मापदण्ड बमोजिम समितिले गरेको वा गर्न लागेको काममा कसैले बाधा अवरोध पुऱ्याएमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी सेवाप्रवाहमा समेत रोक लगाउन सक्नेछ ।

३३. **आयोजना हस्तान्तरण :**

(१) समितिबाट सञ्चालन भएको बस्ती विकास योजनाको सम्पूर्ण पूर्वाधार निर्माणको कार्य सम्पन्न भएपछि समितिले नगरपालिकालाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) हस्तान्तरणको कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

३४. **सरकारी तथा वैदेशिक संघ–संस्थासँग सम्पर्क :** समितिले संघीय सरकार, प्रदेश सरकार एवं वैदेशिक संघ–संस्थासँग सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

३५. **ऐनको व्याख्या :** यस ऐनमा भएको प्रावधान, शब्द वा शब्दावलीको अर्थ र आशयका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा प्रथमतः अध्यक्षले र अध्यक्षले गरेको व्याख्यामा समेत चित्त नबुझी उजुरी गरिएमा नगर कार्यपालिकाले त्यसको व्याख्या गर्नेछ । तर यस दफामा जुनसुकै कुरो लेखिएको भएता पनि यसले अदालतको क्षेत्राधिकारलाई संकुचन गर्न सक्ने छैन ।

३६. **बचाउ :** समितिका पदाधिकारी, सदस्य तथा कुनै कर्मचारीले आफ्नो काम र कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको कामबाट कुनै हानी नोक्सानी भएकोमा निज व्यक्तिगत रुपमा जवाफदेही हुनुपर्ने छैन ।

३७. **बाधा अडकाउ फुकाउने :**

(१) पहिलेदेखि नै सानो रुपमा रहँदै आएका वा नापी नक्सा हुँदा कुनै प्रकारको त्रुटि हुन गई खुम्चिन पुगेका वा अंशबण्डा हुँदा यस्तो स्वरुपमा आइपुगेका वा साँध मिचिन पुगी घटेका वा अन्य कुनै पनि कारणले नगरपालिकाले तोकेको क्षेत्रफल वा न्यूनतम् इकाइभन्दा कम हुन गई जग्गाको उचित उपभोग गर्न नपाइरहेका जग्गावालाको हितलाई ध्यानमा राखी सार्वजनिक सरोकारमा बाधा नपर्ने गरी नगरपालिकाले त्यस्ता टुक्रा जग्गाहरुका सम्बन्धमा एक पटकका लागि आवश्यक र उचित निर्णय गरिदिन सक्नेछ ।

(२) यो ऐन बमोजिम योजना सञ्चालनको क्रममा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

३८. **संशोधन:** नगरसभाले यो ऐन परिमार्जन गर्न वा आवश्यकता अनुसार संशोधन वा पुनरावलोकन गर्न सक्नेछ ।

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख